आज मिति २०७८ साल बैशाख २० गते रामेछाप नगरपालिकाका प्रमुख श्री नर बहादुर थापा मगरज्यूको अध्यक्षतामा देहायमा उल्लेखित सद्श्यहरुको उपस्थितिमा कोभिड-१९ रोकथाम नियन्त्रण तथा व्यवस्थापन निर्देशक समितिको बैठक बसि देहायमा उल्लेखित निर्णयहरु गरियो ।

उपस्थिति:

१ संयोजक श्री नर बहादुर थापा मगर (प्रमुख)

२ सह संयोजक श्री सृजना खड्का (उपप्रमुख)

३ सदस्य श्री सुकदेव नेपाल प्रि प्रं प्रं अधिकृत (उपसचिव)

५ सदस्य श्री नर बहादुर थापा (१ नं वडा अध्यक्ष)

६ सदस्य श्री निर बहादुर श्रेष्ठ (२ नं वडा अध्यक्ष)

७ सदस्य श्री भुपालराज श्रेष्ठ (३ नं वडा अध्यक्ष)

८ सदस्य श्री टुपेन्द्र तामाङ (४ नं वडा अध्यक्ष)

९ सदस्य श्री भिम बहादुर तामाङ (५ नं वडा अध्यक्ष)

१० सदस्य श्री धन बहादुर खड्का (६ नं वडा अध्यक्ष)

११ सद्श्य सदस्य श्री समिर कार्की (७ नं वडा अध्यक्ष)

१२ सदस्य श्री केदार कार्की (८ नं वडा अध्यक्ष)

१३ सदस्य श्री चन्द्र बहादुर श्रेष्ठ (९ नं वडा अध्यक्ष)

१४ सदस्य श्री सरोज कटुवाल (का पा सदस्य)

१५ सदस्य श्री होम बहादुर थापा (अधिकृत आठौं)

१६ सदस्य श्री मदन सुवेदी (लेखा प्रमुख)

१७ सदस्य सचिव श्री बिष्णु बहादुर कार्की (जनस्वास्थ्य अधिकृत)

आमन्त्रित

१ श्री डा नितेन्द्र कर्ण मे अ रामेछाप अस्पताल

२ श्री भुवन थापा ज स्वा अ स्वास्थ्य कार्यालय रामेछाप

३ श्री सम्भु कुमार श्रेष्ठ अध्यक्ष नगर उधोग बाणिज्य संघ

४ श्री रविन्द्र कुमार श्रेष्ठ प्रतिनिधि रेडक्रस उपशाखा रामेछाप

५ श्री सुभारी टाकुर प्रतिनिधि प्रहरी चौकी रामेछाप

६.श्री दिपेन्द्र नारायण श्रेष्ठ मि.अ.टी.की.प्र., जि.अस्पताल रामेछाप

बैठकका एजेन्डाहरुः

१ बजार सञ्चालनमा निशेधाज्ञको सिफारिस सम्वन्धमा ।

२ कोरोना भाइरस संक्रमणका गम्भिर विरामीहरुको शिघ्र परिक्षणका लागि एन्टिजेन खरिद सम्वन्धमा ।

३ अस्पतालमा नियमित अक्सिजन आपूर्तिका लागि सहयोग समवन्धमा ।

४ पि सि आर नमुना संकलन तथा परिक्षण गराउन लैजानका लागि सवारी साधन व्यवस्थापन सम्वन्धमा

५ शव व्यवस्थापन स्थल तोक्ने सम्वन्धा ।

निर्णयहरुः

१ प्रस्ताव नं १ उपर छलफल गर्दा बिश्वव्यपी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड १९ को संक्रमण नेपालमा तिब्रतर बढिरहेको छ । यस नगरपालिकामा समेत कोभिड १९ को सक्रमण बढ्दै गएको र रोगको रोकथाम तथा नियन्त्रणका लगि यस पालिका भित्रका सबै बजार क्षेत्रहरुलाई जोखिम युक्त क्षेत्र तोकी सो क्षेत्रमा मिति २०७८।१।२१ गते राती १२।० बजे देखि मिति २०७८।०१।२७ गते राती १२।०० बजे सम्म तपशिल बमोजिम हुने गरी निशेधाज्ञ जारी गर्नका लागि जिल्ला प्रशासन कार्यलय मन्थली रामेछापमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

तपशिलः

क आत्यावश्यक काममा बाहेक घर बाहिर निस्कन र हिडडुल गर्न निषेध गर्ने ।

ख एम्बुलेन्स, दमकल, शवबाहन, खाद्यान्न सामग्री तथा पशुपंक्षी दाना, तरकारी, फलफुल, दूध, डेरीजन्य उत्पादन, माछा, मासु पानी, ग्यास तथा पेट्रोलियम पदार्थ बोकेका सवारी साधनहरु, औषधि तथा स्वास्थ्य सेवाका सामग्री बोकेका सवारी साधनहरु, अत्यावश्यक सरकारी कामकाजका लागि प्रयोग हुने सवारी साधनहरु, निर्माण सामग्री बोकेका सवारी साधनहरु, परिचय पत्र बाहक कर्मचारी, प्रेस पास तथा परिचय पत्र बाहक सञ्चारकर्मीले प्रयोग गरेका सवारी साधनहरु मात्र सञ्चालन गर्ने।

ग औषधि तथा स्वास्थ्य सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहन पाउने।

घ निर्माण तथा खाद्यसामग्रीका सवारी साधनमा चालक र सहचालक मात्र रहन पाउने ।

ङ खाद्यसामग्री तथा पशुपंक्षीका दाना तरकारी, फलफुल दूध, डेरीजन्य उत्पादन, माछा, मासु पानी, ग्यास तथा पेट्रोलियम पदार्थ लगायतका अत्यावश्यक सेवाका पसलहरु मात्र स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण पालना गरी विहान ६।०० देखि दिउसो १।०० बजे सम्म मात्र सञ्चालन गर्ने ।

Karn

च बैंक तथा वित्तीय संस्थाहरुले अत्यावश्यक सेवाहरुमात्र स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण पालना हुने गरी न्युनतम कर्मचारीहरुबाट सेवा प्रवाहको व्यवस्था मिलाउने ।

छ अत्यवश्यक कार्यमा बाहेक पालिकाको प्रबेश नाकाहरुबाट यस पालिकामा प्रबेश गर्ने पलिका भित्रका नागरिकहरुलाइ सम्वन्धित वडाहरुको सिफारसिमा होम क्वारेन्टिनमा बसेको निगरानीको सुनिश्चितता सहित सिफारिस भएकोमा बाहेक प्रबेश गर्न नदिने ।

२ प्रस्ताव नं २ उपर छलफल गर्दा यस नगरपालिकाका नागरिकहरुमा कोरोना भाइरसको गम्भिर संक्रमण भै तत्काल नतिजा सहित आइसोलेशनमा राखी संक्रमणलाई रोकथाम तथा नियन्त्रण गर्नका लागि २०० बटा एन्टिजेन खरिद गरी आवश्यक परिक्षणको व्यवस्था मिलाउने निर्णय गरियो ।

३ रामेछाप अस्पतालमा रहेको आइसोलेशनमा वस्ने कोभिड १९ का बिरामीहरुको लागि अति आवश्यक अक्सिजनको नियमित आपूर्तिका लागि आबश्यक भएमा नयाँ सिलिन्डर समेत खरिद गर्ने निर्णय गरियो ।

४ यस नगरपालिकाका नागरिकहरुलाइ आवश्यक परेको बेलामा पि सि आर को नमुना संकलन गर्न तथा उक्त नमुनालाई परिक्षण स्थल सिन्धुली अस्पताल तथा धुलखेल प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला सम्म पुऱ्याउनका लागि एक सवारी साधन कम्तिमा १ महिना र माहामारी अवधि भर भाडामा सम्झौता गरी लिएर परिचालन गर्ने निर्णय गरियो । साथै नगरपालिकाको स्वामित्वमा रहेको एम्बुलेन्स लाई मर्मत गरी तयारी आवस्थामा राख्ने निर्णय गरियो ।

५ प्रस्ताव नं ५ उपर छलफल गर्दा यस नगरपालिका अन्तर्गत कोभिड १९ का कारणले मृत्यु भएका शव व्यवस्थापनका लागि यस नगरपालिका अन्तर्गत रामेछाप अस्पताल पछाडिको जंगलमा व्यवस्थापन गर्न सिफारिस गर्ने निर्णय गरियो ।